गेरुवा गाउँसभाको १२ औं अधिवेशनको बैठकमा २०७९ आषाढ १४ गते मंगलबार

उपाध्यक्ष श्री लक्ष्मी कुमारी चौधरीले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/८० को
# बजेट बक्तव्य

गेरुवा गाउँपालिका

२०७९

www.geruwamun.gov.np

गाउँसभाका सभाध्यक्ष,

गाउँसभाका सदस्यहरु,

जिल्ला समन्वय समितिका सदस्य,

गाउँसभा सचिव

पत्रकार,

राष्ट्रसेवक कर्मचारीहरु ।

- ❖ स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट जनता बाट अनुमोदित भई जनताको सेवाको यस गरिमामय सभा समक्ष उपस्थित हुन पाउँदा म अत्यन्त गौरवान्वित महशुस गरिरहेको छु ।
- ❖ **"समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार"** भन्ने नाराका साथ मिति २०७४ भदौ १६ गते सम्पन्न पहिलो ऐतिहासिक प्रथम गाउँसभाको प्रथम अधिवेशन बाट समृद्ध गेरुवाको निर्माणका लागि जनता बाट निर्वाचित सम्पूर्ण निवर्तमान जनप्रतिनिधिहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
- ❖ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पश्चात भएको प्रथम स्थानीय तह सदस्य निर्वाचन बाट जनता बाट अनुमोदित भई यस गाउँपालिकाको विकास र समृद्धिमा महत्वपूर्ण योगदान दिनु हुने निवर्तमान उपाध्यक्ष आदरणीय हिमा कुमारी थारु, निर्वतमान गाउँसभा सदस्यहरु लाई हृदय देखि नै हार्दिक धन्यवाद दिन चाहन्छु ।
- ❖ यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणमा योगदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, वीर वीरगंनाहरु, प्रजातन्त्र सेनानीहरुलाई म उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।
- ❖ गेरुवा गाउँपालिकाको स्थानीय तह सदस्य निर्वाचन २०७४ मा वडा नं. ६ बाट निर्वाचित प्रथम वडा अध्यक्ष स्वर्गीय श्री टेक बहादुर थारु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । उहाँले गेरुवा गाउँपालिका प्रति गर्नु भएको योगदानलाई सदैव गेरुवाले सम्झिरहनेछ ।
- ❖ बर्दिया राष्ट्रिय निकुञ्जका बन्यजन्तुको आक्रमण तथा कोभिड-१९ को संक्रमणमा परी असामयिक रुपमा निधन हुनु भएको सम्पूर्ण गेरुवावासी जनताहरु प्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, गेरुवाका जनताहरुको जीउधनको सुरक्षाको लागि गेरुवा गाउँपालिकाले हरसम्भव रुपमा प्रयासहरु अवलम्बन गर्ने प्रतिवद्धता यस गरिमामय सभा समक्ष व्यक्त गर्दछु ।
- ❖ स्थानीय तह सदस्य निर्वाचन २०७९ मा उत्साहजनक सहभागी भई निर्वाचन सफल पार्न अत्यन्त महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण गेरुवाका जनताहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।
- ❖ स्थानीय तह सदस्य निर्वाचन २०७९ लाई सफल पार्न महत्वपूर्ण सहयोग गर्नुहुने श्री निर्वाचन आयोग, मूख्य निर्वाचन आयोगको कार्यालय बर्दिया, निर्वाचन अधिकृतको कार्यालय गेरुवा, निर्वाचनमा खटिएका सम्पूर्ण कर्मचारीहरु, नेपाल प्रहरी, शशस्त्र प्रहरी, नेपाली सेना, गेरुवा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु लाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

ख. चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भए पश्चात यस गेरुवा गाउँपालिकामा प्रथम आदरणीय अध्यक्ष जमान सिंह केसी ज्यूको नेतृत्वको प्रथम स्थानीय सरकारले गेरुवा गाउँपालिकाका समग्र क्षेत्रहरुको जग बसाल्ने कार्य गरेको अनुभूति मैले गरेको छु। चालु आर्थिक वर्ष २०७८/७९ सम्म आईपुग्दा गेरुवा गाउँपालिकाले हासिल गरेका उपलब्धीहरु तपशिल बमोजिम रहेका छन ।

१. भौतिक उपलब्धि

- ❖ कुनै पनि सडक कालोपत्रे नभएको यस गाउँपालिकामा हालसम्म १५ कि.मि. सडक कालोपत्रे भएको छ। यसले गर्दा प्रदेश तथा संघ संगको आवद्धता तथा पहुँचलाई थप व्यवस्थित गरेको छ ।
- ❖ हिलाम्य तथा धुलाम्य सडकलाई स्तरोन्नती गरी सडकको मर्मत, सम्भार गरिएको छ। पालिकाले विगत ५ वर्षमा १०० किमी सडक स्तरोन्नती गरेको छ । त्यसै गरी उक्त सडकमा आवश्यक पर्ने कल्भर्ट, पुल पुलेसा, ह्युमपाइपहरु जडान/ निर्माण गरिएको छ ।
- ❖ गेरुवा गाउँपालिकाले आफ्नै लगानीमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरेको छ । त्यसैगरी वडा नं. १, ३, ४, ५ र ६ का कार्यालय भवनहरु समेत निर्माण गरिएको छ। साथै, वडा नं. १ र २ को आधारभूत स्वास्थ्य केन्द्र, वडा नं. ४ को स्वास्थ्य चौकी, वडा नं. ६ को बर्थिङ सेन्टर जस्ता भवनहरुको निर्माणले सेवा प्रवाहमा सहजता भएको सबैले महशुस गरेका छन ।
- ❖ त्यसैगरी गेरुवामा रहेका सामुदायिक विद्यालयहरुका भवन निर्माण, सामुदायिक भवनहरु, खोप केन्द्र, गाउँघर क्लिनिक, सार्वजनिक शौचालयहरु लगायतका संरचनाहरु निर्माण गरिएका छन ।

२. आर्थिक सामाजिक उपलब्धि

- ❖ गेरुवा गाउँपालिका कृषिको राम्रो सम्भावना भएको क्षेत्र हो । पालिकाले विभिन्न समस्याका बाबजुद सोच अनुरुप कार्य गर्न नसकेता पनि कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम संचालन गरेको थियो । कृषि तथा पशु प्राविधिकहरुको व्यवस्था बाट कृषकहरुलाई निशुल्क प्राविधिक सहायता, अनुदानमा कृषि औजार तथा यान्त्रीकरण वितरण, निशुल्क बीउ विजनको व्यवस्था, पकेट क्षेत्र कार्यक्रम, साना सिँचाई कार्यक्रम, स्मार्ट वाखापालन लगायतका कार्यक्रमहरु पालिकाले संचालन गरेको थियो ।
- ❖ गेरुवा गाउँपालिकाको राजश्व संकलन प्रणालीलाई व्यवस्थित तथा आधुनिक सूचना प्रविधि मैत्री बनाउनका लागि राजश्व व्यवस्थापन सूचना प्रणालीको माध्यम बाट राजश्व संकलन कार्यको थालनी गर्न पालिकाले एक महत्वपूर्ण सफलता हासिल गरेको छ ।
- ❖ गेरुवा अस्पतालको निर्माण को शुरुवात, वडा नं. १ र २ मा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना, वडा नं. ४ मा स्वास्थ्य चौकीको निर्माण, वडा नं. ३ र ६ मा बर्थिङ सेन्टरको स्थापना, गाउँघर

क्लिनिक बाट स्वास्थ्य सेवा प्रवाह जस्ता क्रियाकलापहरु पालिकाले स्वास्थ्य क्षेत्रमा गरेको लगानीहरु हुन ।

- ❖ पालिकाले शिक्षामा बर्षौंदेखिको जनशक्ति अभावको अवस्थालाई न्यूनीकरण गरी विद्यार्थी शिक्षक अनुपातलाई व्यवस्थित गरेको छ । त्यसैगरी एकप्रिय नमूना माविको स्थापना, पशुपति मावि सूचना प्रविधि ल्याव, पशुपति मावि प्राविधिक विद्यालय भवन निर्माण, विभिन्न विद्यालयहरुमा भवन, शौचालय, छात्रवृत्तिको व्यवस्था, विद्यालयमा इन्टरनेट लगायत सूचना प्रविधि सामाग्रीहरुको व्यवस्था गर्न पालिका सफल भएको छ ।
- ❖ पालिकाले आफै तथा अन्य गैह्रसरकारी निकायको साझेदारीमा लैंगिक समानता, लक्षित बर्ग कार्यक्रम, सामाजिक सूरक्षा भत्तालाई बैकिङ प्रणालीमा आवद्धता, छोरी बचाउ कार्यक्रम, विभिन्न संजालहरुको गठन र संचालन लगायतका सामाजिक न्याय तथा समानता कायम गराउने कार्यलाई व्यवस्थित गर्न संस्थागत प्रयास गरेको छ ।

३. वातावरणीय उपलब्धि

- ❖ गेरुवा गाउँपालिकाको बहु प्रकोपीय समस्याहरुको रुपमा रहेको बाढी, बन्यजन्तु आक्रमण, आगलागी जस्ता प्रकोपहरुको न्यूनीकरणका लागि पालिकाले कानूनी, संरचनागत कार्यहरु गरेको छ ।
- ❖ गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण ऐन, वातावरण ऐन, आर्थिक सहायता कार्यविधि, स्थानीय आपतकालिन कार्य संचालन केन्द्र संचालन कार्यविधि, स्थानीय विपद तथा जलवायु उत्थानसील योजना जस्ता कानूनहरु निर्माण भई कार्यान्वयनमा ल्याइएको छ ।
- ❖ राष्ट्रिय निकुञ्ज सँगको सीमानामा बन्यजन्तुको आक्रमण बाट जनधनको रक्षा गर्ने हेतु मेस वायर जडान, इलेक्ट्रीक फेन्सीङ जडान जस्ता संरचनाहरुको निर्माण गरिएको छ ।
- ❖ संघीय सरकार र पालिकाको साझेदारीमा शहिद पार्कको निर्माण कार्य प्रारम्भ भएको छ ।
- ❖ विकासमा वायो इन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिएको छ ।

४. संस्थागत उपलब्धि

- ❖ पालिकाले हालसम्म ५२ वटा कानूनहरुको निर्माण गरी कार्यान्वयन गरिरहेको छ जसमध्ये १६ वटा ऐन, १ वटा नीति, २ वटा नियमावली, ३ वटा निदेर्शिका, २९ वटा कार्यविधि र १ वटा मापदण्ड रहेको छन ।
- ❖ पालिकाको प्रशासकीय भवन निर्माण भई सञ्चालनमा आएको छ भने सम्पूर्ण वडा कार्यालयहरु निर्माण भई सेवा प्रवाह गरिरहेको अवस्था छ ।
- ❖ त्यसैगरी गाउँघर क्लिनिक, खोप क्लिनीक, बर्थिङ सेन्टर, सामुदायिक भवनहरु, सिड हाउस हरु निर्माण गरिएको छ ।

- ❖ पालिकाले जनशक्तिको अभावलाई मध्यनजर गर्दै शिक्षक, कर्मचारीको व्यवस्था गरी जनसेवा लाई उच्च प्राथमिकता दिएको छ ।
- ❖ पालिकाबाट प्रवाह हुने सेवालाई विद्युतीय सूचना प्रविधिमा आधारित बनाई सेवा प्रदान गरिएको छ । विभिन्न ११ वटा सूचना व्यवस्थापन प्रणाली, वेवसाइट तथा मोवाइल एप को माध्यमबाट डिजिटल गेरुवा कार्यान्वयन गर्ने हाम्रो उद्देश्यलाई थप टेवा पुगेको छ । पालिकाका सबै वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरुमा कम्प्युटर तथा इन्टरनेट सेवाको विस्तार गरिएको छ । भौगोलिक रुपमा दुर्गम पालिकालाई प्रविधिको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संजाल संग जोडिएको छ ।

ग. बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरु

१. सोच : **समृद्ध गेरुवा निर्माणको आधार, कृषि, पर्यटन र पूर्वाधार**

२. लक्ष्य : कृषिमा व्यवसायीकरण, पर्यटनमा विविधिकरण, गुणस्तरीय प्राविधिक शिक्षा, स्वास्थ्य सेवामा सहज पहुँच, उद्यमशिलता र रोजगारीमा वृद्धि, समतामूलक न्यायपूर्ण समाज, दीगो र प्रयोगमैत्री पूर्वाधार, जैविक विविधताको संरक्षण, सर्वशुलभ सेवा प्रवाह सहितको सभ्य र समृद्ध गाउँपालिकाको निर्माणको आधारशिला तयार भएको हुनेछ ।

३. उद्देश्यहरु :

- ❖ कृषि तथा पशुपंक्षीपालनको यान्त्रिकरण, व्यवसायिकरण तथा मूल्य श्रृखंलामा बजारीकरण मार्फत आय आर्जनमा बृद्धि गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु,
- ❖ पर्यटकीय क्षेत्रको विकास तथा प्रवर्द्धन गरी पालिकालाई आकर्षक गन्तव्यको रुपमा विकास गर्नु,
- ❖ गुणस्तरीय व्यवसायिक तथा प्राविधिक शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहज पहुँच विस्तार गर्दै समतामूलक समाजको निर्माण गर्नु,
- ❖ गाउँपालिकामा जनशक्तिको आकर्षण बढाई विकासको आधारशिला तयार पार्नु,
- ❖ पूर्वाधार विकासलाई दीगो र गुणस्तरीय तथा वातावरणमैत्री बनाउनु,
- ❖ पर्यावरणमैत्री पालिका निर्माणका लागि जैविक विविधताको संरक्षण गर्नु
- ❖ गाउँपालिकाको सेवा प्रवाह प्रणालीलाई सहज र सुलभ बनाउनु

४. अपेक्षित उपलब्धिहरु(प्रतिफल) :

- ❖ छिटो, छरितो, सहज र सरलीकृत सेवा प्रवाहका साथै सुशासनमा बढोत्तरी हुने
- ❖ कृषि, पशुपालन, उद्योग बाणिज्य तथा सहकारी मार्फत रोजगारी, उत्पादन वृद्धि तथा आयस्तर उकासिने
- ❖ नागरिकमैत्री पूर्वाधारको विकास हुने,

- ❖ स्वास्थ्य सेवा प्रवाह, शिक्षा क्षेत्रको गुणस्तर बृद्धि हुने
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीका अवसरहरु सिर्जना हुने
- ❖ मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम मार्फत शैक्षिक क्षेत्रको सुधार हुने
- ❖ विपद्जन्य घटनाहरुको न्यूनीकरणमा सहयोग पुग्ने

घ. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

१. समग्र नीति तथा आधारहरु :

- ❖ नेपालको संविधान २०७२
- ❖ नेपाल सरकारको पन्ध्रौ आवधिक योजना
- ❖ नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८०
- ❖ लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना
- ❖ लुम्बिनी प्रदेशको नीति तथा कार्यक्रम २०७९/८०
- ❖ गेरुवा गाउँपालिकाको प्रथम आवद्यिक योजना
- ❖ गेरुवा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति सञ्चालन कार्यविधि २०७८
- ❖ दिगो विकासका लक्ष्यहरु

२. क्षेत्रगत नीति तथा आधारहरु :

(क) आर्थिक क्षेत्र :

नीति :

- ❖ व्यवसायिक कृषि तथा पशुपालनबाट रोजगार उन्मुख दीगो अर्थतन्त्र निर्माण
- ❖ कृषि विकासको आधार : पर्याप्त र दीगो सिँचाई सुविधा
- ❖ व्यवसायिक पशुपालन बाट रोजगार उन्मुख दीगो अर्थतन्त्र
- ❖ आत्मनिर्भर उद्योग, व्यवस्थित व्यवसाय : रोजगारीको दीगो स्रोत
- ❖ गेरुवा गाउँपालिका : कृषि, संस्कृत र पर्यापर्यटनको संगम
- ❖ सतप्रतिशत वित्तीय पहुँच सहितको समृद्ध गाउँपालिका

(ख) सामाजिक विकास :

नीति

- ❖ समान पहुँच सहितको गुणस्तरीय शिक्षा गाउँपालिकाको प्रतिबद्दता
- ❖ जनपक्षीय सरल तथा निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने

- ❖ शुद्ध, स्वच्छ खानेपानीमा सबैको सहज पहुँच स्थापित गर्ने
- ❖ समाजका सबै तह र तप्काका नागरिकको समतामूलक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु
- ❖ सक्षम, स्वस्थ र दक्ष युवा शक्ति
- ❖ संस्कृतिको संगम गेरुवा गाउँपालिका

(ग) पूर्वाधार क्षेत्र :

नीति

- ❖ दीगो सडक, गेरुवा समृद्धिको मेरुदण्ड
- ❖ सूचना तथा सञ्चार प्रविधि मैत्री गेरुवा गाउँपालिका
- ❖ सुरक्षित आवास, दीगो बस्ती विकास, समृद्ध जीवन
- ❖ विद्युत र बैकल्पिक उर्जामा आत्मनिर्भरता : गाउँपालिकाको प्रतिवद्धता

(घ) वन, वातावरण तथा विपद व्यवस्थापन :

नीति

- ❖ विपद्को व्यवस्थापन : नागरिकको सुरक्षा गेरुवाको धन
- ❖ मानव बन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण : सुरक्षित गेरुवाको मुख्य प्राथमिकता
- ❖ वन र जलाधार : जीविकोपार्जनको आधार

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन :

नीति

- ❖ सेवा प्रवाहलाई पारदर्शी, प्रविधिमैत्री, जवाफदेही, परिमाणमुखी, नागरिक मैत्री बनाउने

ङ. मुख्य आयोजना कार्यक्रमहरुको विवरण तथा अनुमानित व्यय र श्रोत व्यवस्थापन

गाउँसभाका सभाध्यक्ष,
गाउँसभाका सदस्यहरु,
जिल्ला समन्वय समिति सदस्य
अब म गेरुवा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रमका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ❖ गेरुवा गाउँपालिका अध्यक्षको संयोजकत्वमा रहेको स्रोत अनुमान तथा सीमा निर्धारण समिकिते सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयलाई कार्यालय संचालन तथा प्रशासनिक खर्चको लागि रु. ११ करोड २ लाख ६० हजार विनियोजन गरेको छु ।

- ❖ गेरुवा गाउँपालिकामा गठन भएका विषयगत समितिहरु मार्फत विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि रु. १८ करोड ८५ लाख ९१ हजार ५० विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाका ६ वटा वडाहरुको लागि आगामी आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरु संचालन गर्नको स्रोत अनुमान तथा सीमा निर्धारण समितिले निर्धारण गरेको मापदण्डहरु मध्ये जनसंख्यालाइ-४० प्रतिशत, भुगोललाई-३० प्रतिशत र राजश्व संकलनलाई - ३० प्रतिशत आधार मानी वडाहरुका लागि रु. १ करोड ८० लाख विनियोजन गरेको छु ।

## १. आर्थिक विकास

- ❖ गेरुवा गाउँपालिकाको प्रमुख आर्थिक विकासको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासको लागि पढ्दै कमाउदै कार्यक्रम, आकस्मिक बाली संरक्षण कार्यक्रम, अध्यक्ष सँग कृषक कार्यक्रम, कन्ये च्याउ खेति कार्यक्रम, कृषक यान्त्रीकरण कार्यक्रम, मौसमी तथा बेमौसमी तरकारी खेती कार्यक्रमका लागि रु. २९ लाख विनियोजन गरेको छु ।
- ❖ कृषि क्षेत्रमा आइपर्ने नवीनतम कृषि प्रविधिको बारेमा कृषकहरुलाई जानकारी गराउने, माटो शिविर संचालन, बाली बस्तु प्रविधि प्रदर्शन, ढैचा वीउ वितरण कार्यक्रम, जैविक विषदी तथा कम्पोष्ट मल उत्पादन तालिमका लागि रु. ११ लाख बजेट व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको समग्र कृषि क्षेत्रको अवस्था, सम्भावना, चुनौतीहरुको विश्लेषण गरी कृषि क्षेत्रको विकासका लागि कृषि गरुयोजना तथा आवश्यक कार्यविधि निर्माणका लागि रु. ७ लाख विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकामा रहेका किसानहरुको सुचिकरणका लागि शशर्त अनुदान रकममा थप रु. १ लाख बजेट व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाका रहेका पशुबस्तुहरुमा लाग्ने रोगहरुको पहिचान तथा निवारण, रेविज रोगको निवारण तथा पशु सेवा शिविर, आन्तरिक तथा बाह्य परिजिवी नियन्त्रणको लागि रु. २० लाख ७५ हजार विनियोजन गरेको छु ।
- ❖ विभिन्न तालिम बाट पशुपालनमा नयाँ प्रविधि तथा ज्ञानबारे कृषकहरुलाई जानकारी गराउने तालिमका लागि रु. ६ लाख विनियोजन गरेको छु ।
- ❖ पशुक्षेत्रको विकास बाट नागरिकहरुको आयस्तरमा बृद्धि गराउने, स्वावलम्बी बनाउने कार्यहरु अन्तर्गत हिउँदे घाँस निशुल्क वितरण, मिनरल ब्लक कार्यक्रम, वर्षे घाँस निशुल्क वितरण, एक वडा एक ट्रेविज निर्माण, गौशाला संचालन तथा व्यवस्थापनका लागि रु. २१ लाख ५५ हजार बजेट व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकामा रहेको साना तथा घरेलु उद्योग, व्यवसायीहरुलाई प्रवर्द्धन गर्ने तथा सहकारी क्षेत्रको क्षमता विकासका लागि रु. २ लाख विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको समग्र आर्थिक विकासका लागि रु. १ करोड विनियोजन गरेको छु ।

## २. सामाजिक विकास

- गेरुवा गाउँपालिकामा रहेको मावि विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीको विद्यालयमै स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि एक मावि एक स्टाफ नर्श कार्यक्रमका लागि रु. २२ लाख ५० हजार बजेट व्यवस्था गरेको छु ।
- गेरुवा गाउँपालिकामा उच्च शिक्षा अध्ययनको व्यवस्था गर्न बहुमुखी क्याम्पस र पशुपति मावि पशुपतिनगरमा प्राविधिक शिक्षालय स्थापनको लागि रु. ६ लाख विनियोजन गरेको छु ।
- गेरुवा गाउँपालिकाको शिक्षा नीति तथा योजना र पार्श्वचित्र अद्यावधिक तथा प्रकाशन, परीक्षा संचालन, शिक्षक तथा कर्मचारीको क्षमता विकास, स्थानीय पाठ्यक्रम बमोजिम पठनपाठनका लागि रु. १४ लाख ५० हजार विनियोजन गरेको छु ।
- विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने तथा विपन्न, जेहेनदार विद्यार्थीलाई पढाईमा सहज वातावरणको निर्माण गर्न, विद्यालय छाडेका बालबालिकालाई शिक्षाको अवसर प्राप्त गर्न, सरोकारवालहरुसँग छलफल गर्न तथा अतिरिक्त क्रियाकलापको लागि रु. ८ लाख ५० हजार विनियोजन गरेको छु ।
- दिव्यज्योति प्रावि गुप्तिपुरको शैक्षिक सुधारको लागि रु. ५ लाख विनियोजन गरेको छु ।
- गेरुवा गाउँपालिकामा खेलकुद क्षेत्रको विकास, विस्तार तथा पूर्वाधारहरुको निर्माण, खेलकुद कार्यक्रमहरुको संचालनका लागि रु. २० लाख विनियोजन गरेको छु ।
- स्वास्थ्य नै धन हो भन्ने उदगारलाई आत्मसाथ गर्दै गेरुवा गाउँपालिकामा खोप तथा पूर्ण खोप कार्यक्रम, सुरक्षि मातृत्व तथा नवशिशु कार्यक्रम, नसर्ने रोग सम्बन्धी कार्यक्रम, परिवार नियोजन कार्यक्रम, पोषण कार्यक्रम, विभिन्न रोगहरुको नियन्त्रण गर्नका लागि रु. १६ लाख विनियोजन गरेको छु ।
- गेरुवा गाउँपालिकाको स्वास्थ्य क्षेत्रको क्षमता विकास तथा सेवा प्रवाहका लागि कार्यरत महिला स्वास्थ्य स्वयमसेविका, फिल्डमा खटिने स्वास्थ्य कर्मचारी, स्वास्थ्यकर्मीको क्षमता विकास, निशुल्क औषधी व्यवस्थापन, स्वास्थ्यकर्मी लाईसहायता सामाग्रीको व्यवस्थापन, आवश्यक उपकरणहरुको व्यवस्था गर्ने कार्यका लागि रु.३४ लाख ३३ हजार बजेट व्यवस्था गरेको छु ।
- गेरुवा गाउँपालिकाको मनाउ आयुर्वेद औषधालयको सेवा प्रवाहलाई थप व्यवस्थित गरी गुणस्तरीय सेवा प्रवाहका शशर्त अनुदान बाहेक थप रु. ४ लाख विनियोजन गरेको छु ।
- गेरुवा गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट गर्भवती सेवा लिई नवजात शिशु जन्माउने महिलाहरुको स्याहार, सुसार कार्यका लागि सुत्केरी स्याहार कार्यक्रम मार्फत प्रति सुत्केरी महिलालाई रु.५ हजार उपलब्ध गराईने गाउँपालिकाको नीति बमोजिम रु. ४ लाख विनियोजन गरेको छु ।
- गेरुवा गाउँपालिकामा लामो समय देखि गाउँपालिकाको स्वास्थ्य सेवालाई जनताको घरदैलो सम्म पुर्याउनु भएको महिला स्वयमसेविकाहरु लाई सेवा प्रवाहमा सहजता ल्याउनका लागि महिला स्वयमसेविका सहयोग कार्यक्रम मार्फत रु. ५ लाख विनियोजन गरेको छु ।
- गेरुवा गाउँपालिकामा लैगिक हिंसा निवारण, महिलाहरुलाई कानूनी शिक्षा, घरेलु हिँसाको अन्त्य, बालविवाह मुक्त पालिका निर्माण, महिला प्रजनन स्वास्थ्य  र अधिकार, बालमैत्री सिकाई कार्यक्रम संचालनका लागि रु. ७ लाख ५० हजार विनियोजन गरेको छु ।

- ❖ गेरुवा गाउँपालिकाको छोरी बचाउ कार्यक्रमलाई निरन्तरता दिई रु. २ हजार बाट रु. ५ हजार उपलब्ध गराई छोरी बचाउने कार्यक्रम, बालउद्धार तथा राहतकोष, अन्तरपुस्ता सीप तथा ज्ञान हस्तान्तरण कार्यक्रमका लागि रु. ७ लाख बजेट व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको लक्षित कार्यक्रम अन्तर्गत फरक क्षमता भएका व्यक्तिहरुलाई सहायता सामाग्री वितरण, दलित, आदिवासी जनजाती, मुक्तकमैया, कमलहरी, एच आई भि पिडित, द्वन्द्वपिडिति, शहिद, वेपत्ता परिवार कार्यक्रमका लागि रु. १३ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको समग्र सामाजिक क्षेत्रको विकास, स्तारोन्नती र सेवा प्रवाहको लागि रु. ३ करोड ८६ लाख बजेट व्यवस्था गरेको छु ।

## ३. सुशासन तथा संस्थागत विकास

- ❖ गेरुवा गाउँपालिकामा बसोवास गर्ने बहुसख्यक थारु समुदायको बरघर प्रथालाई कानूनी मान्यता प्रदान गर्नको लागि आवश्यक कानूनको निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छु । बरघरहरुका सेवा प्रवाहलाई सहज बनाउन बरघर सहयोग कार्यक्रम अन्तर्गत साइकल तथा सूचना प्रविधि सामाग्री वितरण लागि रु. ५ लाख विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको केन्द्र पशुपतिनगरमा गाउँपालिकास्तरीय रंगशाला निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको न्यायीक समिति बाट प्रवाह हुने सेवालाई थप सहज, सरल तथा सेवामैत्री बनाउनको लागि रु. १० लाख विनियोजन गरेको छु ।
- ❖ जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी गाउँपालिको सेवा प्रवाहलाई चुस्त, सरल तथा सहज बनाउनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिका बाट प्रवाह हुने सेवालाई आधुनिक सुचना प्रविधिमा आधारित बनाई डिजिटल गेरुवाको निर्माण बाट समस्त नागरिकहरुलाई विद्युतीय शासनको आभास दिलाउनको लागि रु. २० लाख बजेट व्यवस्थापन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकालाई आवश्यक पर्ने जनशक्तिको प्रवन्ध गर्न, सेवा प्रवाहलाई छिटो, सरल तथा सहज बनाउनको लागि वर्तमान दरबन्दी संरचनालाई पुनरावलोकन आवश्यक व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिका बाट हुने सेवा प्रवाहलाई जनमैत्री बनाई छिटो, छरितो सेवा प्रवाहका लागि गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक सहायता कक्षको स्थापना गर्न आवश्यक व्यवस्था गरेको छु ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन

- ❖ गेरुवा गाउँपालिकामा बहुप्रकोपीय जोखिम रहेको र प्रकोपहरुको न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रकोप व्यवस्थापन कोषमा रु. ५० लाख ५० बजेट विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकामा बढ्दै गईरहेको मानव बन्यजन्तु द्वन्द्वको न्यूनीकरण गर्ने कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

- ❖ विभिन्न प्रकोपहरुबाट प्रभावित गेरुवा गाउँपालिकाका नागरिकहरुको सहायताको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## ५. पूर्वाधार विकास समिति

- ❖ गेरुवा गाउँपालिकाको चालु आवमा बजेट स्रोतको अभाव, योजना कार्यान्यवनमा आएको समस्याका कारण चालु आवमा सम्पन्न हुन नसकेका योजनाहरुको कार्यान्वयनका आवश्यक बजेट व्यवस्था गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाका विभिन्न स्थानहरुमा यातायात तथा आवागमनमा सहज पहुँच कायम गरी सहजता ल्याउनका लागि पुल, कल्भर्ट निर्माणका लागि रु. ८७ लाख विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको विभिन्न स्थानहरुमा खोप केन्द्र, मन्दीर, समुहघर, देउथान, देवस्थल, कभर्डहल, पतिक्षालय, सेल्टर हाउस, पनफेकुवा, वाल, खेलमैदान लगायतको निर्माण तथा स्थापनाका लागि रु. ५२ लाख ४० हजार विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकामा बर्दिया राष्ट्रिय निकुज तथा अन्य वनक्षेत्र बाट आउने साना जनावरका कारण हुने क्षतीको न्यूनीकरण गर्नका लागि मेस वायर निर्माण गरी नागरिक सुरक्षाको लागि क्रमागत योजना सहित रु. १ करोड ८० लाख विनियोजन गरेको छु । सर्खोल देखि सनकट्टी, टिहुनी सम्म मेशवायर जडानको निर्माण बाट सुरक्षित गेरुवा निर्माण गर्न टेवा पुग्ने विश्वास लिएको छु ।
- ❖ गेरुवा गाउँपालिकालाई कालोपत्रे संजालयुक्त गाउँपालिका निर्माण गर्ने गाउँपालिकाको लक्ष्य अनुरुप चालु आवमा संचालन गरिएका योजनाहरु वडा नं. १, २, ३, ४ र ५ का क्रमागत तर्फका कालोपत्रे सडकहरुको निर्माण आगामी आर्थिक वर्षमा सम्पन्न गर्नको लागि रु. २ करोड ७ लाख बजेट व्यवस्था गरेको छु ।
- ❖ संघ तथा प्रदेश सरकार सँग साझेदारीमा कालोपत्रे सडक निर्माण योजनाहरु थापा राइस मिल देखि मैनापोखर सडक कालोपत्रे, हरिपुर चोक देखि राजापुर जोड्ने सडक, पथरैया देखि झवही हुँदै राजापुर नगरपालिका अन्तर स्थानीय तह सडक कालोपत्रेको निर्माणको लागि रु. ५ करोड १८ लाख बजेट व्यवस्था गरेको छु । साथै, आगामी वर्षमा संघीय तथा प्रदेश सरकार सँग अन्य पूर्वाधार निर्माणका लागि साझेदारी गर्न रु. १ करोड बजेट विनियोजन गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको निर्मित सडक तथा अन्य पूर्वाधारको मर्मत सम्भार तथा अन्य साना पूर्वाधार लगायतका कार्यक्रमहरुको कार्यान्वयनका लागि रु. ४० लाख बजेट व्यवस्था गरेको छु ।

## ६. वडा कार्यालय

- ❖ गेरुवा गाउँपालिकाका ६ वटै वडा कार्यालयहरुमा योजना तथा कार्यक्रम कार्यान्वयनको लागि रु. १ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

गाउँसभाका सभाअध्यक्ष,

गाउँसभाका सदस्यहरु

आमन्त्रित सदस्य,

अब म नेपाल सरकारको संविधान २०७२ को धारा २३० मा उल्लिखित व्यवस्था बमोजिम आगामी आर्थिक वर्ष २०७९/८० को अनुमानित व्यय र स्रोतको अनुमान यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु.१३ करोड २३ लाख आय हुने अनुमान गरेको छु । त्यसैगरी संघीय शर्शत अनुदान-चालु तर्फ रु. १८ करोड ७८ लाख, शशर्त अनुदान-पुँजीगत तर्फ रु. २ करोड २३ लाख, विशेष अनुदान तर्फ रु. ५० लाख, समपुरक अनुदान तर्फ रु. १ करोड १० लाख बजेट प्राप्त हुने अनुमान गरेको छु ।
- ❖ लुम्बिनी प्रदेश सरकार बाट वित्तीय समानिकरण तर्फ रु. ७३ लाख १५ हजार, शशर्त अनुदान तर्फ रु. ८० लाख, विशेष अनुदान तर्फ रु. ६० लाख, समपुरक अनुदान तर्फ रु. १ करोड ४९ लाख आयको प्रक्षेपण गरेको छु ।
- ❖ राजश्व बाँडफाँड तर्फ संघीय सरकार बाट रु. ९ करोड ४९ लाख ८० हजार, प्रदेश सरकार बाट रु. ७४ लाख ९६ हजार, आन्तरिक श्रोत तर्फ रु. ५ करोड ५ लाख आय हुने अनुमान गरेको छु ।
- ❖ गेरुवा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को लागि कुल बजेट अनुमान रु. ५४ करोड ७६ लाख ९१ हजार रहेको छ ।
- ❖ यसका अलावा गेरुवा गाउँपालिकामा आगामी आर्थिक वर्षमा गैह्र सरकारी संघ संस्था मार्फत रु. १ करोड ८४ लाख ४५ हजार ३ सय ३५ रुपैया श्रोत परिचालन हुने अनुमान गरेको छु ।

अन्त्यमा, गेरुवा गाउँपालिकाको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष/परोक्ष रुपले योगदान गर्नु हुने गेरुवा गाउँसभाका आदरणीय सभाध्यक्ष, सदस्यहरु, नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, बुद्धिजीवी, नीजि तथा गैह्र सरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, पत्रकार, राष्ट्रसेवक, श्रमिक, सुरक्षाकर्मी लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अनुसूचीहरु

## अनुसूची-१ : आर्थिक वर्ष २०७९/८० को कुल आयको अनुमान

| क्र.सं. | शीर्षक | प्रस्तावित आय |
|---|---|---|
| | **कुल आय** | **५४७६९१०००** |
| **१** | **संघीय सरकार** | **३५८५०००००** |
| १.१ | समानिकरण अनुदान | १३२४००००० |
| १.२ | शशर्त अनुदान-चालु | १८७८००००० |
| १.३ | शशर्त अनुदान-पूँजीगत | २२३००००० |
| १.४ | विशेष अनुदान | ५०००००० |
| १.५ | समपुरक अनुदान | ११०००००० |
| **२** | **प्रदेश सरकार** | **३६२१५०००** |
| २.१ | समानिकरण अनुदान | ७३१५००० |
| २.२ | शशर्त अनुदान-चालु | ८०००००० |
| २.३ | शशर्त अनुदान-पूँजीगत | ० |
| २.४ | विशेष अनुदान | ६०००००० |
| २.५ | समपुरक अनुदान | १४९००००० |
| **३** | **राजश्व बाँडफाँड** | **१०२४७६०००** |
| ३.१ | संघ | ९४९८०००० |
| ३.२ | प्रदेश | ७४९६००० |
| **४** | **आन्तरिक श्रोत** | **५०५०००००** |
| ४.१ | आन्तरिक आय | १०५००००० |
| ४.२ | अघिल्लो आर्थिक वर्ष बाट ल्याएको | ४००००००० |
| **-** | **गैह्र सरकारी संस्था** | **१८४४५३३५** |

अनुसूची-२ :

## आर्थिक वर्ष २०७९/८० को कुल व्ययको अनुमान

| क्र.सं. | शीर्षक | प्रस्तावित व्यय |
|---|---|---|
| | **कुल व्यय** | **५४७६९१०००** |
| **१** | **कार्यालय संचालन तथा प्रशासनिक** | **११०२६००००** |
| **२** | **विषयगत समिति** | **१८८५९१०५०** |
| २.१ | पूर्वाधार विकास समिति | १२७४९१००० |
| २.२ | आर्थिक विकास समिति | १००००००० |
| २.३ | सामाजिक विकास समिति | ३८६००००० |
| २.४ | वातावरण तथा विपद् व्यवस्थापन समिति | ५००००५० |
| २.५ | सुशासन तथा संस्थागत क्षमता विकास समिति | ७५००००० |
| **३** | **वडा कार्यालय तर्फ** | **१९७३९९५०** |
| ३.१ | गेरूवा गाउँपालिका वडा नं. १ | ३१५६३३८ |
| ३.२ | गेरूवा गाउँपालिका वडा नं. २ | २५९०६५५ |
| ३.३ | गेरूवा गाउँपालिका वडा नं. ३ | २९५८८३९ |
| ३.४ | गेरूवा गाउँपालिका वडा नं. ४ | ३३६४५४७ |
| **३.५** | गेरूवा गाउँपालिका वडा नं. ५ | **३६१५०११** |
| ३.६ | गेरूवा गाउँपालिका वडा नं. ६ | ४०५४५६० |
| **४** | **अनुदान तर्फ** | **२२९१०००००** |
| ४.१ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम-शशर्त | २१०१००००० |
| ४.२ | संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम-विशेष | ५०००००० |
| ४.३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम-शशर्त | ८०००००० |
| ४.४ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम-विशेष | ६०००००० |
| **-** | **गैह्र सरकारी संस्था** | **१८४४५३३५** |